नगर कार्यपालिकाको
बैठक संख्या २४।२०७९-०८४
मिति २०८०।२।२६ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश

बैठक संख्याः २४/२०७९-०८४

मिति २०८० साल जेठ २६ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

क. तेह्रौं नगरसभामा पेश हुने यस नगरपालिकाको आगामी आर्थिक वर्षको लागी देहायका बिधेयकको मस्यौदा तथा नीति कार्यक्रमको मस्यौदा टेबुल भयो । उक्त विधेयकहरुमा सदस्यबाट प्राप्त राय सुझाव सहित आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

- आर्थिक विधेयक, २०८०
- बिनियोजन विधेयक, २०८०
- बजेट, नीति तथा कार्यक्रम, २०८०

ख. आ.ब. २०८०/०८१ को लागि बजेट सिलिङ् (अनुसूची १), योजना तथा कार्यक्रमको मार्गदर्शनको विषयमा छलफल भई अन्तिम रुप दिइयो ।

निर्णय नं. ३

यस नगरपालिकाको तेह्रौं नगरसभा मिति २०८०/०३/०८ देखि शुरु गर्ने/ एवं सभाको पहिलो बैठक २०८० साल असार ८ गते शुक्रबार नगरपालिकाको सभाहलमा दिनको १:०० बजे गर्ने गरी मिति तोक्ने र निम्न अनुसारका एजेण्डा सहित सबै नगरसभा सदस्यहरुलाई जानकारी गराउने।

<u>निम्नः</u>

- कोहलपुर नगरपालिकाको आर्थिक विधेयक, २०८०
- कोहलपुर नगरपालिकाको विनियोजन विधेयक, २०८०
- आ.ब. २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम
- चालु आर्थिक वर्षमा नगर कार्यपालिकाले गरेका निर्णय एवं सिफारिस माथी छलफल
- विविध विषयहरु ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २४।०८०।८१-०८४
मिति २०८०।२।२६ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

निर्णय नं. ४

क. यस नगरपालिकाको "नगर स्वास्थ्य प्रबर्धन केन्द्र सञ्चालन कार्यबिधी, २०८० स्वीकृत गर्ने ।

ख. "कोहलपुर नगरपालिका आवास, खानेपानी तथा सरसफाई घुम्ति कोष सञ्चाल कार्यबिधी, २०८०" बैठकमा टेबुल भई छलफल भयो । उक्त कार्यबिधीमा आजको बैठकमा कार्यपालिका सदस्यहरुबाट प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

निर्णय नं. ५

नगर स्वास्थ्य प्रबर्धन केन्द्र उद्घाटनका क्रममा भएको खर्चको सामाजिक विकास समितिका संयोजकले पेश गरेको प्रतिवेदन बमोजिम संलग्न बील भरपाईका आधारमा नगर स्वास्थ्य प्रबर्धन केन्द्र सञ्चालन खर्चबाट भुक्तानी गर्ने ।

निर्णय नं. ६

कोहलपुर चौराहमा बाँके युनेस्को क्लबको सहयोगमा निर्माण भएको सार्वजनिक शौचालय सञ्चालन, व्यवस्थापनका लागि देहाय बमोजिम हुने गरी शौचालय सञ्चालन गरे वापत नगरपालिकालाई के कति रकम उपलब्ध गराउन सकिन्छ सो मा प्रतिस्पर्धा गराई ७(सात) दिने सूचना आव्हान गरी प्रतश्पर्धात्मक किसिमले शौचालय सम्झौता गरी २ वर्षका लागि व्यवस्थापन गर्ने ।

- शौचालय सञ्चालन, व्यवस्थापन गर्नका लागी शौचालय सँगै जोडिने गरी सडकको क्षेत्राधिकार भन्दा बाहिर पर्ने गरी (१२X१२) क्षेत्रफलमा घुम्ति अस्थायी संरचना व्यवसायी स्वयंले निर्माण गरी संचालन गर्न दिने ।
- शौचालय सरसफाई एवं बत्ति पानीको शुल्क शौचालय सञ्चालकले नै बुझाउने । शौचालय दैनिक कम्तिमा ३ पटक सफा गर्नुपर्ने । सो सम्बन्धमा नगरपालिकाको सम्बन्धित शाखा/समितिले अनुगमन गर्ने ।

निर्णय नं. ७

क. नगर कार्यपालिकाको मिति २०८०/०२/१२ को बैठकको निर्णय बमोजिम गठित समितिको प्रस्ताव बमोजिम आगामी नगरसभाबाट अनुमोदन हुने गरी अनुसूची २ बमोजिम रकमान्तर तथा स्रोतान्तर गरी चालु आर्थिक वर्ष भित्रै कार्यान्वयन गर्ने।

ख. चालु आ.ब. को योजना तथा कार्यक्रमहरुको बजेट भुक्तानी सम्बन्धमा चालु तर्फ २०८० असार १५ गतेभित्र र पूँजिगत तर्फका २०८० असार २० गतेभित्र आर्थिक प्रशासन शाखामा कागजात पेश गरिसक्नु पर्ने गरी सूचना प्रकाशन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २४/२०७९-०८० 
मिति २०८०।२।२६ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

निर्णय नं. ८

क. कोहलपुर नगरपालिका वडा नं. ६ साविक रझेना ७क र ७ख मा रहेको कतिपय जग्गाको नक्शा र फिल्डमा एकिन नहुने समस्या रहेकाले कार्यपालिकाको बैठकबाट नक्सा पास प्रक्रिया रोक्का रहेकोमा नापनक्सा मिलेको, विवाद नभएको घरको चार किल्ला साधसंधियारको सहमती भएको मुचुल्का सहित वडाको सिफारिस भएमा नियमानुसार नक्सा पास एवं अभिलेखिकरण गर्ने ।

ख. कोहलपुर नगरपालिकाबाट २०७२ साल भन्दा अगाडी नक्शा पास प्रमाणित भई निर्माण सम्पन्न प्रमाणपत्र दिइएकोमा हाल बैंक तथा बित्तिय संस्थाहरुले नक्शा पास प्रमाणितका साथै नक्सा पास प्रमाण पत्र समेत माग गर्ने हुँदा सेवाग्राहीहरुको प्रमाणपत्र माग गर्ने क्रम बढेकाले सोही प्रमाणित नक्सा पास बमोजिम एकपटकका लागि अभिलेखिकरण प्रमाणपत्र प्रतिलिपी दिने र सो वापत प्रतिलिपी प्रमाणपत्र बमोजिम कै राजस्व लिने ।

निर्णय नं. ९

नगर विकास कोषको च.नं. १७११, मिति २०८०/०२/२२ को पत्र माग बमोजिम कोष र यस नगरपालिका बीच ऋण सम्झौता भई बसपार्क निर्माणका क्रममाबरपार्कको दक्षिण तिरको नगर विकास समितिको नाममा गरहेको जग्गामा समेत केही सटर थप गरी संरचना निर्माण भएकाले थप गरिएको जग्गाको हकमा नगरपालिकाबाट कोषको ऋण चुक्ता नभएसम्मको लागी उपभोग गर्न दिने एवं सो जग्गा सम्बन्धी कुनै विवाद भएमा त्यसको जिम्मा यस नगरपालिकाले लिने प्रतिबद्धता गर्ने ।

निर्णय नं. १०

क. कोहलपुर नगरपालिकाको बसपार्क व्यवस्थापन कार्यबिधी, २०७९ अनुसार समग्र व्यवस्थापन र बसपार्कको टर्मिनल भवनको लागी मिति २०७९/१२/६, मिति २०८०/०१/२० र मिति २०८०/०२/११ मा तीन पटक सूचना जारी गर्दा समेत कुनैपनि टेण्डर प्रस्ताव नपरेको हुँदा सोहि कार्यबिधीको दफा १९(ड) बमोजिम उक्त दुबै ठेक्काको न्यूनतम् अनुमानित रकममा ५०% घट गरी नयाँ न्यूनतम् रकम कायम गर्ने र १५ दिनको सूचना दिई पुनः विद्यूतीय माध्यमबाट टेण्डर गर्ने ।

ख. कार्यबिधी बमोजिम समग्र व्यवस्थापनको जिम्मा लिने पक्षले बिजुली बत्ती, पानी, सरसफाई, सुरक्षा लगायत व्यवस्थापन गर्न थप व्ययभार समेत हुने भएकोले हालसम्म टेण्डर गर्दा समेत प्रस्ताव दर्ता भई सम्झौता हुन नसकेको मर्मत सम्भार ब्लक समेत निःशुल्क प्रयोग गर्न पाउने प्रावधान सूचना मै उल्लेख गरी टेण्डर गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २४।२०७९-०८० मिति २०८०।०२।२६ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

ग. कार्यबिधीको दफा ३०(च) मा "अन्यको हकमा कबुल अंकको हिसाबले ३ महिनाको हुन आउने रकम नगदै धरौटी जम्मा गर्नुपर्नेछ" भनी संशोधन गर्ने र यस अघि भएका सम्झौताको ३ महिनाको रकम मासिक भाडामा मिलान गर्ने ।

निर्णय नं. ११

कोहलपुर नगरपालिका क्षेत्रभित्र शवदाहस्थल व्यवस्थापन गर्न गठित समितिको प्रतिवेदन समिति संयोजकज्यूले बैठकमा पेश गर्नुभयो । प्रतिवेदनबाट प्राप्त सुझाव बमोजिम क्रमशः कार्यान्वयन गर्ने ।

निर्णय नं. १२

कोहलपुर नगरपालिका वडा नं. ११ निवासी सुशिला जि.सी.(घर्तिमगर क्षेत्री)ले घरबहाल कर छुटका लागि निवेदन पेश भएकोमा यो र यस्तै प्रकृतिका अन्य कुनै घरधनीको समेत बहालकर छुट गर्नुपर्ने भए बिगतमा घरबहाल करका लागि निवेदन पेश गरी कर तिरिरहेका र बीचमा बहाल सम्झौता टुट भएको तर नगरपालिकाको सफ्टवेयर प्रणालीमा बहाल करको हिसाब बन्द नभएकाहरुको लागी राजस्व उपशाखामा निवेदन बुझाउने गरी ७ (सात) दिन म्याद राखी सूचना आव्हान गर्ने । प्राप्त निवेदनहरु उपर छानबीन गरी आगामी नगरसभामा पेश गर्ने ।

निर्णय नं. १३

यस नगरपालिकाको सीमा क्षेत्र भित्र रहेका पूर्व पश्चिम महेन्द्र राजमार्ग तथा उत्तर दक्षिण रत्न राजमार्गको सिमा क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाउने कार्यका लागी नगर प्रहरी तथा विपद शाखाबाट पेश भएको प्रस्तावना स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने र रु.३ लाख २० हजारमा नबढने गरी आ.ब. २०७९/०८० को भैपरी आउने पूँजिगत तर्फको खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

निर्णय नं. १४

राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस नगरपालिका अन्तर्गत तपसिलका वडाहरुमा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको भुमिसुधार तथा मालपोत कार्यालय, बाँकेबाट भेरिफिकेसन भई आएको विवरण बमोजिमको जग्गाको नापी कार्यका लागी विवरण सहित राष्ट्रिय भुमी आयोग, जिल्ला कार्यसमिति बाँकेलाई अनुरोध गर्ने ।

तपसिलः

| सि.नं. | वडा नं. | भुमिहिन दलित, भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|
| १ | ३ | २७ जना | १६७८ जना |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २४/२०७९-०८०
मिति २०८०/२/२६ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

निर्णय नं. १५

क. २ नं. वडाको च.नं. ५०९२ मिति २०८०/०२/२५ को पत्रानुसार वडाको सि.नं. ११५ मा रहेको वडा नं. २ को भैपरी आउने तथा विपद व्यवस्थापन खर्च शीर्षकबाट रु.२६,१७९ सेवा परामर्शमा रकमान्तर गरी ज्यालादारीमा कार्यरत कर्मचारी राज कुमारी हमालको ज्याला भुक्तानी दिने ।

ख. आ.ब. २०७९/०८० को वडा सिलिङ्मा विनियोजित तपसिल बमोजिमका वडा समितिबाट निर्णय भै आएका योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

| | | | | |
|---|---|---|---|---|
| वडा नं. १३ (वडा समितिको मिति २०८०/०२/१४ मा वडासचिव मार्फत भुक्तानी हुने गरी गर्ने भनी निर्णय भएको) | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | लक्षित वर्गको कार्यक्रम विपन्न बालबालिकाका लागि शैक्षिक सामाग्री वितरण, योजना अनुगमन, अपाङ्ग सामाग्री वितरण, घुम्ति स्वास्थ्य सेवा, महिला किशोरीका लागी कार्यक्रम, सूचना तथा प्रकाशन र स्वास्थ्य सम्बन्धी कार्यक्रम (सि.नं. २२९) | फोटोकपी प्रिन्ट, अनलाईन प्रिन्ट लगायत खेलकुद ड्रेस सम्बन्धी अन्य अपुग प्रशासनिक खर्च | ९५,०७९।- | |
| वडा नं. ८ (वडा समितिको मिति २०८०/०२/२५ मा निर्णय भएको) | | | | |
| २ | शिक्षा, स्वास्थ्य र युवा तथा खेलकुद (सि.नं.१७७) | - खानेपानी धारा जडान | १,००,००० | |
| ३ | वडा नं. ८ को भैपरी आउने पूँजिगत खर्च (सि.नं.१८५) को रु.४,८९,०००।- रकमबाट वडा समितिको निर्णयानुसार ह्युमपाइप, विद्युतपोल, सिचाईपाइप खरिद र ढल निकास ह्युमपाइप, विद्युतपोल, सिचाईपाइप खरिद, नाली निर्माण र बाटो ग्राभेल कार्य गर्न स्वीकृति प्रदान गर्ने । | | | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २४।२०७९-०८४
अनुसुची ०१ २०८०।२।१५
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

आ.व. ०८०।८१ को बजेटको स्रोत अनुमान तथा सिमा निर्धारण

| क्र.सं. | श्रोतको अनुमान | आ.व ०८०।८१ को अनुमान | आ.व ०८१।८२ को अनुमान | आ.व ०८२।८३ को अनुमान |
|---|---|---|---|---|
| १ | सघिंय शसर्त | ३०००००००० | ३३००००००० | ३६३०००००० |
| २ | सघिंय समानिकरण | १८२६००००० | २००८६०००० | २२०९४६००० |
| ३ | सघिंय विशेष | २०००००००० | २२००००००० | २४२०००००० |
| ४ | सघिंय समपुरक | २०००००००० | २२००००००० | २४२०००००० |
| ५ | प्रदेश समानिकरण | १३९६९००० | १५३६५९०० | १६९०२४९० |
| ६ | प्रदेश शसर्त | ११०००००० | १२१००००० | १३३१०००० |
| ७ | प्रदेश विशेष | ७०००००० | ७७००००० | ८४७०००० |
| ८ | प्रदेश समपुरक | २५०००००० | २७५००००० | ३०२५०००० |
| ९ | राजस्व वाडफाड- सघं | १४७२६३००० | १६१९८९३०० | १७८१८८२३० |
| १० | राजस्व वाडफाड -स्थानिय | १०००००००० | ११००००००० | १२१०००००० |
| ११ | राजस्व वाडफाड -प्रदेश | ११३८३११२ | १२५२१४२३.२ | १३७७३५६५.५२ |
| १२ | आन्तरिक स्रोत | १०६८५४७५० | ११७५४०२२५ | १२९२९४२४७.५ |
| १३ | अल्या | ५०००००००० | ५५००००००० | ६०५०००००० |
| | जम्मा | ९९५०६९८६२ | १०९४५७६८४८ | १२०४०३४५३३ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय , कोहलपुर ,बाके

## राजस्व बाँडफाँड - संघीय सरकार वाट अन्य स्रोतमा स्रोतान्तर तथा रकमान्तर भएका योजनाहरु

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०२/२५

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजित स्रोत | सशोधित स्रोत | स्रोतान्तर/रकमान्तर भएको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| ८०५५७४०११०१ कोहलपुर नगरपालिका | | | | | |
| १ | वडा न ५ वेस्टने स्कुल को कल्भर्ट देखि ट्याक्टर स्टेन सम्म रझेना जोड्ने वाटो स्तरउन्नति | राजस्व बाँडफाँड - संघीय सरकार | लुम्बिनी प्रदेश - समानिकरण अनुदान | 950000 | स्रोतान्तर |
| २ | वडा न २ महेन्द्र राजमार्ग वाट उत्तर तर्फ खैरापुर लेगापेस हुदै महेश खतिवडाको घर सम्म वाटो स्तरउन्नति | राजस्व बाँडफाँड - संघीय सरकार | लुम्बिनी प्रदेश - समानिकरण अनुदान | 950000 | स्रोतान्तर |
| ३ | सेवा र परामर्श खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड – स्थानीय | 980000 | स्रोतान्तर |
| ४ | सेवा र परामर्श खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | आन्तरिक स्रोत | 2000000 | स्रोतान्तर |
| ५ | बिभिन्न वडाको सडक कालोपत्रे तथा पक्की नाली निर्माण | राजस्व बाँडफाँड - संघीय सरकार | नेपाल सरकार - समानिकरण अनुदान | 16350000 | स्रोतान्तर |
| ६ | बिभिन्न वडाको सडक कालोपत्रे तथा पक्की नाली निर्माण | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड – स्थानीय | 2650000 | स्रोतान्तर |
| ९ | पानी विजुली | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड – स्थानीय | 400000 | स्रोतान्तर |
| ७ | विपद ब्यवस्थापन कोष | | लुम्बिनी प्रदेश - समानिकरण अनुदान | 1200000 | रकमान्तर/थप बजेट |
| ८ | प्रशासकिय भवन तर्फको भुक्तानि बाकी थप | | राजस्व बाँडफाँड – स्थानीय | 6645321 | रकमान्तर/थप बजेट |
| ९ | भैपरी आउने पुजिगत | | राजस्व बाँडफाँड – स्थानीय | 320000 | रकमान्तर/थप बजेट |

| | | | | | |
|---|---|---|---|---|---|
| ८०५५७४०१३०२ कोहलपुर नगरपालिका - स्वास्थ्य | | | | | |
| १ | आयुर्वेद स्वास्थ्य शिवीर (आयुर्वेद शाखा) | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड – स्थानीय | 248825 | स्रोतान्तर |
| २ | स्वास्थ्य जीवनका लागि योग (आयुर्वेद शाखा) | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड – स्थानीय | 279853 | स्रोतान्तर |
| ८०५५७४०१३०७ कोहलपुर नपा -आर्थिक ,सामाजिक तथा महिला बालबालिका | | | | | |
| १ | नगरस्तरिय यूवा क्लबको कार्यालय व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड – स्थानीय | 408001 | स्रोतान्तर |
| कुल जम्मा | | | | 35382000 | |

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय , कोहलपुर ,बाके

**आ.व ०७९।८० मा खर्च हुन नसकि बचत हुन सक्ने योजनाहरुलाई गरिएको रकमान्तर**

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०२/२३ बजेट उपशीर्षक : कोहलपुर नगरपालिका

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | हाल कायम मौज्दात | घटाउने |
|---|---|---|---|---|---|
| ८०५५७४०११०१ कोहलपुर नगरपालिका | | | | | |
| १ | भुमि आयोगको कार्य संचालन तथा ब्यवस्थापन | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 6000000 | 2700000 |
| २ | (सरस्वति मावि भवन निर्माण ठेक्का न ०३।०७८-०७९ तथा विभिन्न वडाको सडक मर्मत कार्य ठेक्का न ०४।०७८-०७९ ) योजना तर्फको दायित्व वाकी (केआर कन्स्ट्रक्सन) | 31112 | आन्तरिक श्रोत | 5000000 | 2000000 |
| ३ | राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 3000000 | 1900000 |
| ४ | सुनौलो हजार दिन | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 1000000 | 1000000 |
| ५ | समाधि स्थलको सम्भाब्यता अध्ययन | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 500000 | 500000 |
| ६ | जनता सगँ नगर प्रमुख कार्यक्रम | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 500000 | 500000 |
| ७ | विद्युतिय चुलो तथा विद्युतिय सवारि साधनमा प्रोत्साहन कार्यक्रम | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 959500 | 800000 |
| ८ | सामुदायिक वन संगको सहकार्यमा बन बाटिका तथा पार्क निर्माण कार्यक्रम । | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 750000 | 300000 |
| ९ | श्रम बैक सन्चालन तथा ब्यवस्थापन | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 500000 | 500000 |
| १० | विद्यालय क्षेत्रमा दुर्घटना न्यूनीकरण गर्न पूर्वाधार निर्माण | 31159 | राजस्व बाँडफाँड – स्थानीय | 15400000 | 6000000 |
| ११ | कोहलपुर नगरपालिकामा बसपार्क निर्माण | 31159 | नेपाल सरकार - समानिकरण अनुदान | 27157447 | 10000000 |
| १२ | सुलभ भोजनालय सचांलन कार्यक्रम | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 1000000 | 1000000 |
| १३ | फोहरमैला प्रशोधन तथा ब्यवस्थापन केन्द्र | 31158 | राजस्व बाँडफाँड – स्थानीय | 2303570 | 1500000 |
| | **(क)कुल जम्मा** | | | 64070517 | 28700000 |
| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०२/२३ बजेट उपशीर्षक : कोहलपुर नगरपालिका - स्वास्थ्य | | | | | |
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | | |
| ८०५५७४०१३०२ कोहलपुर नगरपालिका - स्वास्थ्य | | | | | |
| १ | कोभिड १९ रोग र अन्य महामारी रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन | 22522 | लुम्बिनी प्रदेश - समानिकरण अनुदान | 1362001 | 800000 |
| २ | स्वास्थ्य संस्थाको सामाजिक परिक्षण | 22522 | नेपाल सरकार - समानिकरण अनुदान | 150000 | 150000 |
| ३ | आधारभुत स्वास्थ्य सेवाको लागि निःशुल्क औषधि खरिद | 27213 | लुम्बिनी प्रदेश - समानिकरण अनुदान | 2650000 | 1500000 |
| ४ | स्टोर व्यवस्थापन खर्च (फर्निचर,प्यालेट,दराज आदि खरिद ) | 31123 | लुम्बिनी प्रदेश - समानिकरण अनुदान | 1000000 | 800000 |
| | **(ख)कुल जम्मा** | | | 9303382 | 3250000 |
| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०२/२५ बजेट उपशीर्षक : कोहलपुर नगरपालिका - शिक्षा | | | | | |
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | | | |
| ८०५५७४०१३०१ कोहलपुर नगरपालिका - शिक्षा | | | | | |
| १ | अपायक माध्यमिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुका लागि साइकल प्रोत्साहन कार्यक्रम | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 500000 | 325000 |
| २ | उत्कृष्ट बालविकास शिक्षक,कर्मचारी र शिक्षकहरुलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 100000 | 65000 |
| ३ | आधारभूत नमूना विद्यालय कार्यक्रम | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 1500000 | 975000 |
| ४ | स्वयमसेवक शिक्षक परिचालन | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 2000000 | 1300000 |
| ५ | विद्यालयमा आधारित साहित्य विज्ञान सगीत तथा मौलिक कला प्रदर्शनी (सामुदायिक तथा संस्थागत सबै) | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 500000 | 325000 |
| ६ | सामुदायिक विद्यालयमा अंग्रेजी भाषा प्रोत्साहन अनुदान | 22522 | राजस्व बाँडफाँड – स्थानीय | 680000 | 442000 |
| | **(ग)कुल जम्मा** | | | 5280000 | 3432000 |
| | जम्मा बचत (क+ख+ग) | | | | 35382000 |